# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बिषयगत प्रयोगात्मक अभ्यास मार्फत शिक्षालयद्वारा समुदायमा प्राविधिक सीप हस्तान्तरण

## मापदण्ड, २०८०

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर ।

Scanned with CamScanner

**प्रस्तावना:** प्राविधिक शिक्षालयहरूमा उपलब्ध स्रोत र साधनहरूको अधिकतम प्रयोग गरी प्राविधिक तथा व्यात्रसायिक शिक्षा एवं तालिमको पाठ्यक्रममा व्यवस्था भए अनुसार अध्ययनरत प्रशिक्षार्थीहरूलाई प्रयोगात्मक अभ्यास गराउदै कार्यस्थलको अनुभव दिलाउने र प्रशिक्षार्थीहरुमा दक्ष्यता अभिवृद्धि, स्वयंसेवी भावनाको विकास, समुदायमा सीप हस्तान्तरण र समुदायलाई शिक्षालय प्रतिका अपनत्व र सम्वन्ध विस्तार गराउनुका साथै उल्लिखित कार्यको कार्यसम्पादनमा एकरुपता हुनेगरी प्रभावकारी रुपमा कार्यान्वयन गराउन प्राविधिक शिक्षालय सञ्चालन सम्वन्धी विनियमावली, २०४९ को विनियम ३३ बमोजिम शिक्षालयले परामर्श सेवा प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयले यो विषयगत प्रयोगात्मक अभ्यास मार्फत समुदायमा प्राविधिक सीप हस्तान्तरण मापदण्ड, २०८० तयार गरी लागु गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**

(क) यी मापदण्डहरूको सङ्क्षिप्त नाम **"बिषयगत प्रयोगात्मक अभ्यासमार्फत समुदायमा प्राविधिक सीप हस्तान्तरण मापदण्ड, २०८०"** रहेको छ।

(ख) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२. **शिक्षालयको छनोट गर्नुपर्नेः**

(क) प्राविधिक महाशाखाले समुदायमा सीप हस्तान्तरणका लागि आङ्गिक शिक्षालयहरूबाट प्रस्तावना सङ्कलन गरी छनोट गर्न सक्नेछ।

(ख) शिक्षालय छनोटका लागि महाशाखाले शिक्षालयहरूलाई परिपत्र गर्न सक्नेछ।

३. **संयोजक तोक्नुपर्नेः**

(क) समुदायमा सीप हस्तान्तरणका लागि शिक्षालय छनोट भएको सूचना प्राप्त हुनासाथ शिक्षालयको व्यवस्थान समितिको सिफारिसमा शिक्षालय प्रमुखले एक जना संयोजक तोक्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिम तोकिने संयोजक अधिकृतस्तरको पूर्णकालिन प्रशिक्षक हुनेछ।

४. **समुदायमा आवश्यक सीपको पहिचान गर्नुपर्नेः**

(क) प्रयोगात्मक अभ्यासमार्फत समुदायमा प्राविधिक सीप हस्तान्तरणका लागि शिक्षालयले समुदायका लागि आवश्यक सीपको पहिचान (Need Assessment) गर्नेछ।

सदस्य सचिव

खगेन्द्र प्रसाद अधिकारी
उपाध्यक्ष

Scanned with CamScanner

(ख) उपदफा (क) को प्रयोजनका लागि सम्बन्धित कार्यक्रमका प्रशिक्षक/सहायक प्रशिक्षक र प्रशिक्षार्थीहरूको समूह निर्माण गरी परिचालन गर्न सकिनेछ।

(ग) सीप पहिचान सम्बन्धी कार्यका लागि शिक्षालयले उपयुक्त विधि अवलम्वन गर्न सक्नेछ। साथै सीप हस्तान्तरणका लागि आवश्यक सामग्रीको समेत टिपोट गर्नुपर्नेछ।

५. <u>प्रशिक्षार्थीहरूबाट समुदायमा हस्तान्तरण गर्ने सकिने सीपको छनोट गर्नुपर्नेः</u>

(क) पहिचान भएका समुदायमा आवश्यक सीपहरूमध्येबाट हस्तान्तरण गर्न सकिने सीपको छनोट गर्नुपर्नेछ।

(ख) उपदफा (क) को प्रयोजनका लागि स्थानीय स्तरमा उल्लिखित क्षेत्रमा काम काज गरेका विज्ञहरूको सहयोग लिन सकिनेछ।

६. <u>प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण गर्नुपर्नेः</u>

(क) दफा (५) बमोजिम छनोट भएको सीपको हस्तान्तरणका लागि परिचालन हुने प्रशिक्षक र प्रशिक्षार्थीहरूका लागि एक दिनको अभिमुखीकरण गरिनेछ।

(ग) उपदफा (क) बमोजिम अभिमुखीकरण गर्दा प्रशिक्षकबाट डेमो प्रस्तुती र प्रशिक्षार्थीबाट डेमो अभ्यास समेत गर्नुपर्नेछ।

(ख) अभिमुखीकरणमा शिक्षालयको मर्यादा एवम् आचारसंहिता, व्यक्तिगत सम्पत्तिको गोपनियता र संरक्षण लगायतका विषयहरू समेत समावेश गर्नुपर्नेछ।

(ग) सैद्धान्तिक अभिमुखीकरणमा सहभागी सबै जना र डेमो प्रस्तुती एवम् अभ्यासमा एक समूहमा बढीमा बीस जना प्रशिक्षार्थी रहन सक्नेछन्।

७. <u>समूह निर्माण गर्नुपर्नेः</u>

(क) समुदायमा सीप हस्तान्तरणका लागि देहायअनुसार हुनेगरी विभिन्न समूह निर्माण गरी समुदायगत क्षेत्र किटान गर्नुपर्दछः

(१) प्रशिक्षक वा सहायक प्रशिक्षक — एक जना,

(२) सम्बन्धित कार्यमा स्थानीयस्तरका उद्योग वा व्यवसायमा कार्य गरिरहेको व्यक्ति — एक जना,

(३) प्रशिक्षार्थी प्रति समुह — पाँच देखि दश जना

सदस्य सचिव

उपाध्यक्ष

Scanned with CamScanner

(ख) समूहका सदस्यहरूलाई समन्वय गर्ने दायित्व प्रशिक्षक वा सहायक प्रशिक्षकको हुनेछ।

(ग) समुदायका व्यक्तिहरूको समयका आधारमा समूहहरूको परिचालन गर्नुपर्नेछ।

८. <u>दैनिक पुस्तिका र प्रतिवेदन तयार गर्नुपर्नेः</u>

(क) प्रत्येक प्रशिक्षार्थीले दैनिक पुस्तिकामा दिनभरी भए गरेका क्रियाकलाप समेटी कार्यक्रमको औचित्य, महत्त्व, आवश्यकता समुदायका व्यक्तिहरूको क्रियाकलाप, आफ्नो सिकाइ समेत समावेश गरी सङ्क्षिप्त पुस्तिका प्रशिक्षक वा सहायक प्रशिक्षक समक्ष पेश गर्नुपर्नेछ।

(ख) प्रशिक्षक र सहायक प्रशिक्षकले समुदायमा भएका गतिविधि, उपलब्धी र प्रशिक्षार्थीहरूको सङ्क्षिप्त पुस्तिका समेत समावेश गरी एक प्रतिवेदन संयोजक समक्ष पेश गर्नुपर्नेछ।

(ग) संयोजकले आफूसमक्ष प्राप्त प्रतिवेदन र समग्र विषयवस्तु समावेश गरी विस्तृत प्रतिवेदन शिक्षालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(घ) शिक्षालयले आफ्नो वार्षिक प्रतिवेदनमा उल्लिखित कार्यलाई समावेश गर्नुपर्नेछ।

(ङ) शिक्षालय प्रमुखले विस्तृत प्रतिवेदन परिषद्, प्राविधिक महाशाखामा पेश गर्नुपर्नेछ।

९. <u>खर्चको आधार</u>

(क) यस मापदण्ड बमोजिम हुने कार्यसम्पादनमा खर्चको आधार देहाय अनुसार हुनेछः

| क्र.स. | कार्यको विवरण | खटिने व्यक्ति | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सीप पहिचान | प्रशिक्षक वा सहायक प्रशिक्षक | रु. एक हजार | एक दिन |
| २. | सीप हस्तान्तरण प्रशिक्षण सामग्री | संयोजक | रु. बिस हजार | शिक्षालयमा सामग्री दाखिला गर्नुपर्ने |
| ३. | अभिमुखीकरण र डेमो प्रस्तुती | शिक्षालय प्रमुख, प्रशिक्षक, सहायक प्रशिक्षक | प्रति सेसन वा प्रस्तुती रु. छ सय | बढीमा छ प्रस्तुतीकरण |

सदस्य सचिव

प्रसाद अधिकारी
उपाध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४. | समुदायमा सीप हस्तान्तरण सहजीकरण | प्रशिक्षक वा सहायक प्रशिक्षक | प्रति क्रियाकलाप रु. छ सय | बढीमा तीन क्रियाकलाप |
| ५. | समुदायमा सीप हस्तान्तरण सहजीकरण | स्थानीय स्तरमा कामकाज गरिरहेको व्यक्ति | प्रतिदिन रु. दुई हजार | |
| ६. | खाजा खर्च | सीप पहिचान र सीप हस्तान्तरण | प्रतिव्यक्ति रु. दुई सय | नगद उपलब्ध गराउनुपर्ने। |
| ७. | खाजा खर्च | अभिमुखीकरण | प्रति सहभागी रु. एक सय | खाजाको व्यवस्थापन गर्नुपर्ने |
| ८. | स्टेसनरी खर्च | संयोजक | रु. दुई हजार | शिक्षालयमा सामग्री दाखिला गर्नुपर्ने |
| ९. | प्रतिवेदन लेखन | संयोजक | रु. एक हजार पाँच सय | |
| १०। | विविध | संयोजक | रु. दुई हजार | शिक्षालयमा सामग्री दाखिला गर्नुपर्ने |

(ख) उपदफा (८) बमोजिम दस्तावेज पेश नगर्ने प्रशिक्षार्थी, सहायक प्रशिक्षक वा प्रशिक्षकले यस मापदण्डअनुसार कुनै पनि आर्थिक सुविधा प्राप्त गर्न सक्नेछैनन्।

१०. **प्रतिवेदनको ढाँचाः**

(क) समुदायमा खटिने प्रशिक्षकले संयोजकलाई पेश गर्ने प्रतिवेदनमा देहायका विषयवस्तुहरू समावेश गर्नुपर्नेछः

(१) शिक्षालयद्वारा समुदायमा गरिएको समन्वय वा पत्राचार

(२) समुदायमा शिक्षालयको तर्फबाट खटिएका प्रशिक्षक र प्रशिक्षार्थीहरूको नामावली,

सदस्य सचिव

[illegible] प्रसाद अधिकारी
उपाध्यक्ष

Scanned with CamScanner

(३) सीप हस्तान्तरण सम्बन्धी कृयाकलापमा संलग्न समुदायका सदस्यहरुको विवरण,

(४) सक्रिय सहभागी भएका स्थानीय बासिन्दाको विवरण,

(५) सीप हस्तान्तरण भएका क्रियाकलापको विवरण,

(६) सहभागीहरूको अपेक्षा (पृष्ठपोषण),

(७) प्रशिक्षार्थीहरूको दैनिक पुस्तिका,

(८) आगामी दिनमा सुधार गर्नुपर्ने विषय,

(९) अन्य उपयुक्त विषयहरू ।

(ख) संयोजकले शिक्षालय प्रमुखलाई पेश गर्ने प्रतिवेदनमा देहायका विषयवस्तुहरू समावेश गर्नुपर्नेछः

(१) प्रशिक्षक र प्रशिक्षार्थी अभिमुखीकरणका क्रियाकलाप,

(२) समुदायमा खटिएका प्रशिक्षकहरूको प्रतिवेदन,

(३) शिक्षालयको तर्फबाट भएका समन्वयका सवाल,

(४) प्रशिक्षक र प्रशिक्षार्थीहरूको अनुभूति,

(५) प्रयोगमा आएका सामग्रीहरूको विवरण

(६) आर्थिक प्रशासनका सवाल,

(७) समस्या र समाधानका सवाल,

(८) अवसर र चुनौतीका सवाल,

(९) सिकाइ उपलब्धीको सवाल,

(१०) अन्य उपयुक्त विषयहरू।

(ग) शिक्षालयले प्राविधिक महाशाखालाई पेश गर्ने प्रतिवेदनमा देहायका विषयवस्तुहरू समावेश गर्नुपर्दछः

(१) सम्पादन भएका क्रियाकलापको सारांश,

(२) कार्यक्रमको औचित्य र आवश्यकता,

(३) कार्यक्रममा सहभागि प्रशिक्षार्थी प्रशिक्षक तथा स्थानिय समुदायको विवरण

(४) संयोजकको प्रतिवेदनको सारांश,

(५) वार्षिक प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरण,

(६) कार्यक्रमको निरन्तरता गर्नुपर्ने वा नपर्ने विषय

(७) अवसर र चुनौतीका सवाल,

सदस्य सचिव

Scanned with CamScanner

(८) अन्य उपयुक्त विषयहरू।

(घ) प्राविधिक महाशाखाले परिषद् कार्यालयलाई पेश गर्ने प्रतिवेदनमा देहायका विषयवस्तुहरू समावेश गर्नुपर्दछः

(१) महाशाखाको तर्फबाट कार्यसम्पादन भएका क्रियाकलापको सारांश,

(२) कार्यक्रमको औचित्य र आवश्यकता,

(३) शिक्षालयहरूको प्रतिवेदनको सारांश,

(४) परिषद् कार्यालयको वार्षिक प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय,

(५) कार्यक्रमको निरन्तरता गर्नुपर्ने वा नपर्ने विषय

(६) अवसर र चुनौतीका सवाल,

(७) अन्य उपयुक्त विषयहरू।

११. **विविधः**

(क) शिक्षालय प्रमुखले स्थानीय जनप्रतिनिधि, सम्बन्धित प्राविधिक क्षेत्रमा काममकाज गरिरहेका व्यक्ति वा अन्य सम्बन्धित व्यक्तिहरूसँग समन्वय गर्नुपर्नेछ।

(ख) तेश्रो वर्षमा प्रशिक्षणरत प्रशिक्षार्थीको सङ्ख्या न्यून रहेमा मात्र दोश्रो वर्षका प्रशिक्षार्थीहरूलाई सहभागी गराउन सकिनेछ।

(ग) समुदायमा सीप हस्तान्तरणको स्थलगत अनुगमनका लागि प्राविधिक महाशाखाले आवश्यकता अनुसार जनशक्ति खटाउन सक्नेछ।

(घ) परिषद् कार्यालयमा रहेको कार्यक्रम बजेटमा उल्लिखित रकम शिक्षालयहरूका नाममा निकासा गर्न सकिनेछ।

(ङ) आर्थिक वर्षको अन्त्यमा प्राविधिक महाशाखाले एकीकृत प्रतिवेदन तयार गरी परिषद् कार्यालय समक्ष पेश गर्नेछ।

(च) आगामी आ.व.मा शिक्षालयका कृयाकलापको प्रभावकारिताबाट निरन्तरता गर्ने प्राविधिक महाशाखाले नीतिनिर्माण तथा योजना महाशाखा र लेखाशाखासंग समन्वय गर्नेछ ।

(छ) कार्यक्रम कार्यान्वय कार्यविधि, २०८०/८१ मा भएको व्यवस्था खारेज गरिएको छ।

सदस्य सचिव

गेन्द्र प्रसाद अधिकारी
उपाध्यक्ष

Scanned with CamScanner